म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३३३ आइतबार ३१ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 16 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीबाट तीनजना पक्राउ

हेटौंडा, ३० असार/मकवानपुर मनहरी गाउँपालिका-७ मनहरी खोलाको बगरबाट अवैध लागूऔषध गाँजासहित तीनजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा बारा जीतपुर सिमरा उपमहानगर पालिका-९ शान्तिटोल बस्ने १९ वर्षीय राहुलकुमार बैठा रहेका छन् भने बाँकी दुई जनाको नाम खुलाएको छैन ।

ईलाका प्रहरी कार्यालय मनहरी मकवानपुरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरुको साथबाट ३ किलो २ सय ६० ग्राम गाँजासहित शनिबार बिहान पक्राउ गरेको हो । लागुऔषध गाँजासहित तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# तीन पालिकालाई 'हाइसञ्चो', सात पालिकाको भुक्तानी रोकियो

साझाकुरा संवाददाता

हेटौंडा, २५ असार/ चालु आर्थिक वर्ष २०७९/८० सकिन एकदिन बाँकी छ । १ साउनदेखि संघीय, प्रदेश र स्थानीय तहको नयाँ बजेट खाता सञ्चालन हुनेछ ।

जसका लागि तीनवटै सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि अनुमानित बजेट प्रस्तुत गरिसकेका छन् । अब साउनबाट आगामी आर्थिक वर्षको बजेट कार्यान्वयनको चरणमा जानेछ । यसैगरी, चालु आर्थिक वर्षको अन्त्यको एक दिन छोडेर मकवानपुरका १० वटै स्थानीय तहको भुक्तानी दिनुपर्ने बाँकी दायित्व र फरफारक बारे टुंगो लागिसकेको छ । २४ असार राति १२ बजेबाट महालेखापरीक्षकको कार्यालयले सूत्रप्रणाली बन्द गरेसँगै चालु आर्थिक वर्षको खर्च टुंगिइसकेको हो ।

यद्यपि, कतिपय स्थानीय तहहरु आन्तरिक हिसाब मिलानमा व्यस्त छन् । २४ असारभित्र प्रक्रिया पुगेर पनि हुन नसकेका खर्चलाई तीनवटै सरकारले आगामी आर्थिक वर्षमा दायित्व सारेर भुक्तानी दिने गर्छन् । शीर्षकअनुसार बजेट फ्रिज पनि हुने गरेको छ । मकवानपुरका १० वटा स्थानीय तहमध्ये ३ वटा पालिकाले काम सम्पन्न हुन नसकेका योजना बाहेकको हकमा २४ असार भित्र योजना र कार्यक्रमको खर्चअनुसार भुक्तानी निकासा बन्द गरिसकेका छन् । भुक्तानी दिने कार्य सकिएपछि उपभोक्ता समिति, निर्माण व्यवसायी लगायतको गुनासो सुन्न नपरेपछि तीन पालिकालाई 'हाइसञ्चो' भएको छ । तर, ७ वटा पालिकाले भने समयमै फाइल नल्याएका कारण र २४ असारमा सुत्रप्रणालीलाई देखाएर भुक्तानी दिन सकेका छैनन् ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधानलाई ७ पालिकाले अक्षरस: पालना गर्न नसकेका हुन् । चालू आर्थिक वर्षमा बिनियोजित बजेटको खर्च सतप्रतिशत नभएता पनि निकासा र खर्चको लेखाङ्कन तथा भूक्तानी निकासा बन्द गर्नेमा थाहा नगरपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिका छन् ।

जसमध्ये थाहा नगर पालिकाले २४ असार अगावै भुक्तानी प्रक्रिया टुंग्याइसकेको थाहाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी बताउँछन् । उनले १५ असारभित्रै महत्वपूर्ण योजनाको भुक्तानी दिएको र २४ असारमा दिउँसै हिसाब मिलान गरिसकेको जानाकरी दिए । 'हामीले १५ असारमै सबै काम सक्ने योजना बनाएर काम गरेका थियौं । जसकारण २४ असारको सुत्रप्रणाली बन्दको चिन्ता हामीलाई भएन् । काम सम्पन्न हुन नसकेको बाहेक सबै खर्चको भुक्तानी भइसकेको छ । सम्भवत: २४ असार अगाडि नै भुक्तानी दिएर फरफारक गरिसक्ने थाहा नगरपालिका देशमै पहिलो होला ।,' गिरीले भने ।

थाहा नगरपालिकाले चालु आर्थिक वर्षमा ८० दशमलव ५९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ । यो प्रगति गत आर्थिक वर्ष २०७८/७९ को तुलनामा १ दशमलव ७९ प्रतिशत बढी हो ।

थाहानगरले चालू आर्थिक वर्ष २०७९/८० का लागि विनियोजित १ अर्ब १९ करोड २६ लाख ११ हजार ८ सय ६२ मध्ये ९४ करोड ६७ लाख ३८ हजार ८ सय ५६ रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत गिरीले जानकारी दिए । असारको अन्तिम साताअघि भुक्तानीको चाप बढ्ने भएकाले कार्ययोजनासहित भूक्तानी प्रक्रिया अघि बढाइएकोले सफलता हासिल भएको गिरीले बताए । 'सेड्युल बनाएर काम नगरे अन्तिममा कागजात चेकजाँच र अनुगमनलाई प्रभावकारी बनाउनै सकिन्न ।', गिरीले भने ।

यसैगरी, कैलाश गाउँपालिकाको चालु आव २०७९/८० को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमअनुसार सबै भुक्तानी दिइसकेको प्रमुख प्रशासकीय अधिकृत अशोक विष्टले जानकारी दिए । उनका अनुसार चालु तर्फ ८५ दखशमलव ९५ प्रतिशत, पुँजिगत तर्फ ६४ दशमलव ०२ प्रतिशत र समग्रमा ७७ दशमलव ३४ प्रतिशत वित्तीय प्रगति हासिल गरेको हो । सुत्रप्रणालीमार्फत भुक्तानी कार्य सम्पन्न भएको विष्ट बताउँछन् ।

बकैया गाउँपालिकाले पनि भुक्तानी कार्य २४ असार भित्रै सकेको हो । तर, बकैयामा योजना नै सम्पन्न नभएका कारण ४-५ वटाको भुक्तानी भने रोकिएको हो । सुत्रप्रणालीका कारण भुक्तानी भने नरोकिएको प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले जानकारी दिए । बकैयाको वित्तीय प्रगति ७९ दशमलव ७३ प्रतिशत छ ।

यसैगरी, भुक्तानी दिन नसक्ने स्थानीय तह हेटौंडा उपमहानगरपालिका, मकवानपुरगढी गाउँपालिका, राक्सिराङ गाउँपालिका, इन्द्रसरोबर गाउँपालिका, मनहरी गाउँपालिका, भीमफेदी गाउँपालिका र बागमती गाउँपालिका रहेका छन् । हेटौंडा उपमहानगरले सुत्रप्रणालीमा समस्या आएका कारण भुक्तानी रोकिएको लेखाअधिकृत जेकप श्रेष्ठले बताए । उनले हेटौंडाको अनुमानित ७५ प्रतिशत वित्तीय प्रगति रहेको बताउँदै करिब ४० वटा योजनाको भुक्तानी रोकिएको बताए । राक्सिराङ गाउँपालिकामा सुत्रप्रणालीमा समस्या आउँदा २०-३० लाखको भुक्तानी रोकिएको प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र बर्तौला बताउँछन् । ८० प्रतिशत बढी वित्तीय प्रगति कटाएको राक्सिराङले आगामी आवमा भुक्तानीका लागि दायित्व सार्ने उनले बताए ।

चालु आवमा ७६ दशमलव ४४ प्रतिशत वित्तीय प्रगति गरेको इन्द्रसरोबर गाउँपालिकामा करिब ५२ लाख रुपैयाँ भुक्तानी रोकिएको छ । लेखाअधिकृत सन्तोष बञ्जाराका अनुसार २१ लाख बजेटको पञ्चकन्या मावि ट्रस निर्माणको भुक्तानी फाइल २४ असार ५ बजेपछि आएको र ३१ लाख बजेटको खानेपानी योजनाको भुक्तानी फाइल २४ असार रातको साढे ११ बजे आएकाले भुक्तानी रोकिएको हो । सशर्त अनुदानको बजेटबाट खानेपानी योजनाको काम ह्यायुसा निर्माण सेवाले गरेको थियो । भुक्तानी नभएपछि उक्त बजेट फ्रिज भएको लेखाअधिकृत बञ्जाराले बताए । ८० दशमलव ६७ प्रतिशत वित्तीय प्रगति गरेको बागमती गाउँपालिकामा पनि भुक्तानी रोकिएको र हिसाब खुल्न बाँकी रहेको सूचना अधिकारी दिनेश गुप्ताले बताए ।

भीमफेदी गाउँपालिकामा करिब ७५ प्रतिशत वित्तीय प्रगति भएको र करिब १ करोड रुपैयाँ भुक्तानी हुन नसकेर दायित्व सार्नुपर्ने भएको गाउँपालिका अध्यक्ष हिदम लामाले जानकारी दिए । ७० दशमलव ७ प्रतिशत वित्तीय प्रगति गरेको मनहरी गाउँपालिकाले १ करोढ बढी रकम भुक्तानी दिन बाँकी रहेको प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले जानकारी दिए ।

मकवानपुरगढी गाउँपालिकामा पनि करिब ५ करोड रुपैयाँ भुक्तानी रोकिएको योजना शाखाप्रमुख प्रकाश न्यौपानेले जानकारी दिए । मकवानपुरगढीले चालु आवमा ६१ प्रतिशत बढी खर्च गरेर ७० प्रतिशत वित्तीय प्रगति हासिल गरेको न्यौपाने बताउँछन् ।

Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा** **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त )** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch** ) लागि प्**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class** ) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

ZENITH 2009


## गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिडियारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्कको लागि

**०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)**



Imagine turning your passion into a fruitful and rewarding career.

*Study +2*

**BEAUTICIAN & HAIRDRESSING**

(Under Faculty of Management)

**CLASS STARTS FROM 15th SHRAWAN**

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

For inquiry:
**9855074222**

» ENROLL NOW

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# शंकास्पद काठको छानबीन होस्

हेटौंडा-११, थानाभञ्याङमा चिरान काठ बोकेको चारवटा ट्रकलाई नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाइएको छ । थानाभञ्याङका स्थानीय युवा र जनता समाजवादी पार्टी (जसपा) मकवानपुरका नेता, कार्यकर्ताले राजमार्गमा काठ बोकेको ट्रक नियन्त्रणमा लिएका हुन् । काठ बोकेको ट्रक बुधवार साँझ पनि हेटौंडाबाटै नियन्त्रणमा लिइएको थियो । बुधवार समातेको एउटा ट्रक आवश्यक कारबाहीका लागि भन्दै प्रहरीले जिल्ला वन कार्यालय मकवानपुरलाई जिम्मा लगाए पनि त्यही ट्रक बिहीवार साँझ फेरि समातिएको थियो । मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीकाअनुसार बुधवार हेटौंडा-१८ ठूलदमारमा स्थानीयले नियन्त्रणमा लिएर एउटा शंकास्पद ट्रक प्रहरीलाई जिम्मा लगाएका थिए । त्यो ट्रकलाई वन कार्यालय पठाइएको र सोही ट्रक फेरि बिहीवार साँझ हेटौंडाबाटै नियन्त्रणमा लिएर प्रहरीको जिम्मामा आएको डिएसपी कार्कीले जानकारी दिए ।

त्यो चिरान अबैध थियो भने कसरी राजमार्गमा निर्बाध ओसारपसार भयो ? यो गम्भीर प्रश्न हो । होइन, त्यो चिरान नियमकानूनत बैध छ भने त्यो काठ बोकेका सवारी साधनले किन अनावश्यक झन्झट ब्यहोर्नु पर्‍यो ? यो दुईवटा प्रश्ननिरुत्तरित छ । हामी हाम्रो देशमा भएका गुणस्तरीय सालको काठ अलपत्र अवस्थामा छोडेर मलेसियाबाट कम गुणस्तरका काठ आयात गरेर उपभोग गरिरहेका छौं । यसो गर्दा हामीले प्रयोग गरेको काठको गुणस्तर पनि कमजोर भयो र देशको ठुकुटी पनि काठ आयातका लागि बाहिरियो । उपभोक्ताले गुणस्तरीय काठ उपभोग गर्न नपाएको बिडम्बना एकातिर छ भने अर्कोतिर ठूलो धनराशी खर्च गरेर गुणस्तरहीन काठ आयात गर्न ब्यवसायीलाई बाध्य पारिएको छ । हाम्रो देशको कानूनमा भएको केही कमीकमजोरीले परिबर्त्य विदेशी मुद्रा (डलर) भुक्तानी गरेर मलेसियन टिम्बर आयात गर्नुपर्ने अवस्था आउनु बिडम्बना हो । नेपालमा वार्षिक कबिर १५ लाख क्युफिट काठ खपत भइरहेको छ त्यसको आधाजासो मलेसियाबाट आयात गर्नुपरिरहेको छ । कुनैबेला हरियो बन नेपालको धन भन्ने उखान थियो तर, आज त्यही हरियो बन सखाप भएकै कारण सरकारले काठ ओसारपसारमा कडाइ गरेपछि मलेसियन टिम्बर उपभोग गर्न बाध्य पारिएको छ । अहिले पनि नेपालको राष्ट्रिय बनबाट सुकेका र ढलेका रुख मात्र निकाल्ने हो भने हामीले विदेशबाट कम गुणस्तरको काठ आयात गर्नुपर्ने अवस्था आउँदैन थियो । समुदायले ब्यवस्थापन गरेको जंगलको काठ दाउरा सामुदायिक बन समूहका सदस्यलाई उपभोग गर्न दिएर बाँकी रहेको बिक्री गर्ने बाहेक राष्ट्रिय बनका काठ दाउरा गर्मीयाममा बन डँढेलोमा खरानी भइरहेको छ । काठ दाउरा ओसारपसार गरेको सवारी साधन देख्नेबित्तिकै त्यो अबैध नै हो भन्ने हाम्रो समाजको मान्यता विकास भएको छ । कानुनी प्रक्रिया पुरा गरेर ओसारपसार गर्न लागेको काठ वा दाउरालाई पनि राजमार्गमा बिनाकारण रोक्ने प्रबृत्ति बढेको छ । यस्ता बिषयमा बहस चलाउनु जरुरी छ । बुधवार र बिहीवार नै हेटौंडामा स्थानीयले काठ बोकेको ट्रक नियन्त्रणमा लिइरहँदा चोकचोकमा बसेका प्रहरीको मुकदर्शक बनेको आरोप छ । वन कार्यालयले शंकास्पद ट्रकलाई किन छोडेको ? भन्ने विषयमा चर्चा चलिरहेको छ । बकैयाबाट काठमाडौंका लागि हिँडेको काठ बोकेको ट्रक हेटौंडामा स्थानीयले नियन्त्रणमा लिएपछि प्रहरी कार्यालय परिसरमा सुरक्षा दिएर राखिएको प्रहरीले जानकारी दिएको छ । यस बिषयमा स्थानीयलाई थप जानकारी वन कार्यालयले दिनै पर्छ । त्यो काठ कानुनसम्मत ल्याएको हो भने त्यही कुरा बन कार्यालयले सार्वजनिक गरिदिनु पर्छ ।

बकैया गाउँपालिका-६, स्थित वनमा ६ वर्षअघि कटान गरिएको काठ ठेक्केदारले लोड गरेर ल्याएको चर्चा मात्र सुनिएको छ । स्रोतका जनकारी अनुसार तत्कालीन समयमा जिल्ला वनको कटानआदेशबिनै काठ काटिएको र अदालतमा मुद्दा परेपछि कटानको काम रोकिएको जानकारी आएको छ । मुद्दा त्यसै परेन । की तोकिएको भन्दा बढी काठ काटिएको हुनुपर्छ की कटान आदेश नै नभई मिलोमतोमा काटिएको थियो । ६ वर्षअघि काटिएको काठ एक जना ठेकदारले ल्याएको चर्चा सुनिएको छ । वन कार्यालयले पनि स्पष्ट जानकारी दिइसकेको छैन । स्रोतकाअनुसार अदालतबाट वन सम्बन्धी मुद्दाको अन्तिम फैसला नै नभइसकेको अवस्थामा काट उठाइएको विषय कानुनसम्वत देखिदैन । 'जिल्ला वनका अनुसार मुद्दा नटुंगिएको तर, काठ पहिल्यै उठेको चर्चा छ । घटना क्रम हेर्दा ठूलै सेटिङमा काठ आएको देखिन्छ । अझै थुप्रै ट्रक काठ लोड हुँदै गरेको समाचार स्रोतले भनेको छ । बुधवार समातिएको काठसहितको ट्रक जिल्ला वनले विस्तृत अनुसन्धान नै नगरी छोडेको बताइएको छ । बिहीवार साँझ ट्रक नियन्त्रणमा लिइएको थानाभञ्याङमा वन कार्यालयबाट आएका प्रतिनिधिले अदालतबाट आदेश आएपछि काठ उठाइएको प्रतिक्रिया दिएको प्रत्यक्षदर्शीले जानकारी दिएका छन् । वनका कर्मचारी र प्रहरीले काठ बोकेको ट्रक छोड्न स्थानीयलाई दबाब दिएको बताइएको छ ।

# शीर्षहरूलाई किन छुँदैन भ्रष्टाचारले ?



✍ सुधीर शर्मा

वर्तमान सरकारले विगत छ महिनामा के गर्‍यो होला भनेर हेर्दा एउटा दृश्य झट्ट दिमागमा आउँछ : प्रधानमन्त्रीदेखि मन्त्रीहरूसम्म अधिकांशलाई भ्याई-नभ्याई भाषण गर्नुपरेको, रिबन काट्ने अवसर कतै नछाडेको र मातहतका कर्मचारीहरूलाई निर्देशन मात्र दिइरहेको ।

यसबीचमा उल्लेख्य कामचाहिँ के भयो त भनेर हेर्दा मुख्यत: दुइटा मामिला सामुन्नेमा आउँछन् : ललिता निवास र नक्कली शरणार्थी प्रकरण । यीमध्ये ललिता निवासको छानबिन तत्कालीन ओली सरकारकै पालामा सुरु भएको थियो भने शरणार्थी मामिलाको अनुसन्धानचाहिँ यही सरकारले अगाडि बढाएको हो । यी दुई कारबाहीले भ्रष्टाचार गर्नेहरू कुनै न कुनै विन्दुमा कानुनको फन्दामा पर्छन् भन्ने सकारात्मक सन्देश दिएका छन्ह सँगै 'मुलुकमा सरकार छ है' भन्ने बोध पनि गराएका छन् ।

तथापि यी दुवै प्रकरणमा देखिएको समानता के हो भने- दुवैमा भइरहेका अनुसन्धान अधुरा छन् । छानबिन र कारबाहीको दायरा जहाँ पुग्नुपर्ने हो, त्यहाँसम्म पुग्नै नदिई यसलाई टुंग्याउन खोजिएको छ । नेपालमा राजनीतिक भ्रष्टाचारको छानबिन नै हुँदैन, भए पनि त्यसलाई अन्तिम गन्तव्यमा पुग्न दिइन्न भन्ने पुरानो दृष्टान्त यस पटक पनि दोहोरिने खतरा छ ।

ललिता निवास प्रकरणलाई नै हेरौं । अनेक तिकडम गरेर सरकारी जग्गा व्यक्तिका नाममा सारी बहुपक्षीय मिलेमतोमा बाँडचुँड गर्ने बदमासी सञ्चारमाध्यममा लगातार आएपछि त्यसको छानबिन त सुरु भयो, तर हिजो जसरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यसको अनुसन्धानलाई एउटा तहभन्दा भित्र पुऱ्याउन चाहेन, अहिले सीआईबीले पनि त्यही बाटो समातेजस्तो देखिन्छ । झट्ट हेर्दा यो प्रकरणमा डेढ दर्जनजति पक्राउ परेका छन्, जसमा पूर्व र बहालवाला सचिवसहित थुप्रै कर्मचारीहरू पनि छन् । ती कर्मचारी, जसले नियतवश भ्रष्टाचार गरे वा त्यसलाई सघाए, निश्चय पनि कारबाहीका भागीदार हुन् । तर के उनीहरू नै सरकारी जग्गा व्यक्तिका नाममा लैजाने अन्तिम निर्णयकर्ता थिए ? त्यो त बिलकुलै हैन ।

सीआईबीकै भनाइमा, उसले 'सरकारी छाप किर्ते गर्नेहरूलाई' अनुसन्धानको दायरामा ल्याएको हो । यथार्थमा त्यो किर्ते गरेकोभन्दा पनि प्रधानमन्त्री र मन्त्रीहरूको निर्देशन परिपालन गर्दै कर्मचारीले फाइल उठाएका हुन् । त्यसमा केही कर्मचारीविशेषको बदनियत पनि थियो होला । तर लामो सरकारी प्रक्रिया पार गर्दै, एउटा निकायले गर्नुपर्ने काम अर्कै कार्यालयमार्फत गराउँदै, तल्लो तहबाट क्रमश: सदर हुँदै आउनुपर्ने फाइल सीधै मन्त्रालय र मन्त्रिपरिषद्बाट पारित गराएर यो घोटालालाई कार्यरूप दिँदा- त्यसमा स्पष्टत: राजनीतिक नेतृत्वको संलग्नता थियो । बयान र तथ्यहरूले पनि यो देखाएका छन् । तर फाइल उठाउने कर्मचारी कारबाहीमा पर्ने, त्यसबारे निर्णय लिने राजनीतिक नेतृत्व पानीमाथिको ओभानो भइरहने अवस्था आफैंमा विडम्बनापूर्ण हो । कर्मचारी होऊन् वा नेता, ललिता निवास घोटालामा जजसको संलग्नता छ, त्यो गहिराइसम्म पुग्न सीआईबी र गृह प्रशासन हच्किनु हुन्न ।

दोस्रो दृष्टान्त हेरौं, नक्कली शरणार्थी प्रकरणको । नेपाली नागरिकलाई नक्कली भुटानी बनाएर शरणार्थीका रूपमा अमेरिका पठाउने भनेर करोडौं ठग्ने धन्दा कति संगठित र विस्तारित रहेछ भन्ने कुरा यसमा जिल्ला-जिल्लाका दलालदेखि मन्त्रीहरूसम्मको संलग्नताबाट प्रस्ट भएको छ । यसै पत्रिकाबाट उद्घाटित त्यो घोटालाको छानबिन मूलत: गृहमन्त्री नारायणकाजी श्रेष्ठ र प्रहरीको पहलबाट सम्भव भयोह त्यसमा जोडिएका बालकृष्ण खाणदेखि टोपबहादुर रायमाझीसम्मका नेता र केही दोषी कारागार पनि पुगे त्यहाँसम्म ठीकै थियो, तर त्यो अनुसन्धान एउटा विन्दुमा पुगेपछि हठात् ढंगले रोकियो ।

जब त्यसमा नेपथ्यबाट शक्ति-अभ्यास गर्ने पूर्वप्रधानमन्त्री-पत्नी, एक समय गृह प्रशासनका खुद्रा-मसिना मामिलामा समेत दखल दिने नेतृ र अर्का पूर्वप्रधानमन्त्रीका विश्वासिला सहायकसम्म जोडिएका भेटिए- ती सबै सूचना बटुलेको बालुवाटारले त्यसलाई सत्ता लेनदेनको औजार बनायो । लामो समयदेखि बोलचालसमेत बन्द गरेका शीर्षस्थहरू एकाएक एकसाथ चरणबद्ध छलफलमा जुटे । जानकारहरूका बुझाइमा, एनसेलदेखि बुढीगण्डकीसम्म अनेक थरी पुराना आर्थिक असमझदारीलाई त्यही मौकामा निप्टारा लगाइयो । अनि शरणार्थी प्रकरणलाई त्यहाँबाट अगाडि बढ्न नदिनेमा 'राष्ट्रिय सहमति' भयो । त्यसपछि फोन सम्पर्कविच्छेद गरेर विदेश भाग्न नाका-नाकामा पुगिसकेकाहरूको स्वर एक्कासी ठूलो हुन थाल्यो ।

निरीह नेपाल प्रहरी अहिले फलानो-फलानोलाई यति करोड नजराना बुझाएको भन्ने सार्वजनिक भएको अडियो अभियुक्तकै हो भनेर विज्ञप्ति मात्र निकाल्न सक्ने अवस्थामा छ । जसमाथि आरोप लागेको छ, जसविरुद्ध तथ्यहरू उपलब्ध छन्, उनीहरूमाथि अनुसन्धान गर्न त पर जाओस्, बयानसमेत लिन नसक्ने गरी प्रहरीको हुर्मत काढिएको छ । उच्च तहमा पैसाको हस्तान्तरण कहाँ-कसरी भयो, त्यसको 'मनी ट्रेल' गर्ने काम त हुनै दिइएको छैन । नत्र त्यही काण्डमा पक्राउ परेका एक मन्त्रीले ललितपुरमा दाइको नाममा अथाह जग्गा किन्दा कसरी स्याउका कार्टुनहरूमा नगद बुझाएका थिए भन्ने जानकारी अनुसन्धानकर्मीहरूलाई नभएको होइन । शरणार्थी प्रकरणलाई यतिमै सामसुम बनाउने कि खास दोषीहरूसम्मै पुग्ने- गृहमन्त्री श्रेष्ठको सामर्थ्य र प्रतिबद्धताको परीक्षण पनि यसबाट हुनेछ ।

अर्कोतर्फ, सत्तारूढ कांग्रेसको केन्द्रीय तहमा भ्रष्टाचार संरक्षणका पक्षमा खुल्लमखुला गर्न थालिएको वकालत पनि उदेकलाग्दो छ । आफ्नै सरकारले गरेको कारबाहीको स्वामित्व नलिई उल्टो भ्रष्ट सहकर्मीलाई जोगाउन सभापति स्वयं आफ्नो राजनीतिक जीवनको उत्तरार्द्धमा ज्यान फालेर लाग्नुपर्ने बाध्यताको कारण र कारक खोतल्ने हो भने यो प्रकरणको गहिराइ आफैं छर्लंग हुन्छ । भ्रष्टाचारमा जेल परिसकेका नेतालाई कारबाही होइन, निलम्बन पनि होइन, त्यो विषयलाई केन्द्रीय समितिको छलफलमै ल्याइनु हुन्न भन्ने गाईजात्रा आफैंमा लाजमर्दो किसिमको छ । यसको किनारा कसरी लाग्छ, कांग्रेस पार्टी र यसमा नयाँ पुस्ताको अगुवाइ गरिआएका गगन थापा, विश्वप्रकाश शर्मा, प्रदीप पौडेल आदिको हैसियत परीक्षणसमेत यसले गर्नेछ ।

यो लेखको अग्रभागमा ललिता निवास र नक्कली शरणार्थी प्रकरणको चर्चा बढी किन गरिएको हो भने यी खासमा वर्तमान नेपाल, पुराना पार्टी र पुराना नेताहरूका हकमा 'लिटमस टेस्ट' जस्तो बनेर आएका छन् । अहिले सर्वसाधारणले थुप्रै नेतालाई किन मन पराउँदैनन्, अझ घृणा नै किन गर्न थालेका छन् किन त्यसको विरोधमा उठेका प्रश्नहरूले नयाँ राजनीतिक शक्तिको आकार ग्रहण गर्दै छ, त्यसको अन्तर्यमा भ्रष्टाचारसृजित बेथिति नै मुख्य कारकका रूपमा देखा पर्छ । सबैलाई थाहा छ- हाम्रो राष्ट्रिय रोग भनेकै भ्रष्टाचार हो । भलै यो नयाँ रोग होइन । तर अहिले समस्या के भइदियो भने- अब यो रोग मात्रै रहेन, महारोगकै रूपमा फैलिसक्यो ।

इतिहासतर्फ फर्केर हेर्दा, तत्कालीन सापेक्षतामा सम्पन्न मानिने मल्लकालीन समाजमा समेत काठमाडौं भएर भोट व्यापार गर्न जाने विदेशी कारोबारीहरूबाट राजाहरूले पनि घूस र नजराना लिएका विवरण पुस्तकहरूमा पढ्न पाइन्छ । दोहनकारी राणाशासनको त कुरै भएन । राजतन्त्रकालमा दरबारको एउटा शक्तिशाली गिरोह भ्रष्टाचार र बेथितिको मूल संरक्षक थियो र त्यसैको छत्रछायामा कसरी धन्दा चल्थ्यो भन्ने त्यो युग देखेकाहरूलाई थाहा भएकै कुरा हो । २०४६ पछि बहुदलकालमा भ्रष्टाचार बढ्यो, तर त्यो सामान्यत: 'लाख' मा सीमित थियोह करोड र अर्बमा चलखेल हुन थालेको २०६३ पछि गणतन्त्रकालमा हो । दरबार नरहेपछि भ्रष्टाचारको मुख्य मुहान पनि स्थानान्तरित भयो । नयाँ पम्फादेवीहरूको उदय हुन थाल्यो । यसको संरक्षक र प्रवर्द्धकका रूपमा राजनीतिक दलका शीर्षस्थहरू देखा परे ।

सँगसँगै तीन वटा प्रवृत्ति मौलाए । पहिलो, भ्रष्टाचारको आयतन अकल्पनीय ढंगले बढ्यो । दोस्रो, ठूला भ्रष्टाचार काण्डहरूमा शीर्ष तहबीच 'अघोषित कार्यगत एकता' देखिन थाल्यो, जसरी भर्खरै शरणार्थी प्रकरणमा भयो । तेस्रो, भ्रष्टाचार यति संगठित र 'स्वाभाविक' मामिला बन्न थाल्यो, त्यो तलैसम्म विस्तारित र विकेन्द्रित भयो । गाउँ-गाउँमा सिंहदरबार मात्र पुगेन, सिंहदरबारका विसंगतिहरू पनि पुगे । यो संक्रमणको सुरुआत २०६३ पछिको संक्रमणकालमा स्थानीय निकाय नहुँदा मुख्य दलहरूले सर्वदलीय समिति बनाएर सर्वदलीय भागबन्डाको संस्कृति सुरु गरेपछि भएको हो, जसले बाँडीचुँडी खाने, तैं चुप मै चुप रहने अवस्था बढाउँदै लग्यो । अहिले थुप्रै प्रदेश र स्थानीय सरकारहरूमा यो महारोगकै रूपमा संस्थागत भइसकेको छ । देशैभरि विस्तारित यो मोडलको 'डेभलपर' भने संघीय सरकारकै वर्तमान र पूर्वसञ्चालकहरू हुन् । र, यो विकृतिको इपिसेन्टर सिंहदरबार हो ।

२०६३ पछि भ्रष्टाचारमा राष्ट्रिय सहमतिको पहिलो प्रयोग सम्भवत: संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा खटिन जाने प्रहरीका लागि 'एपीसी' किन्ने क्रममा भएको थियो । थोत्रा एपीसी किनेर करोडौंको घोटाला गरिएको त्यो काण्डमा प्रहरी अधिकारीहरू त जेल परे, तर त्यसको अनुसन्धान राजनीतिक तहमा पुग्दै पुगेन । बरु उस बेला हामीले त्यो घोटालाको खुलासा र 'फलोअप' गरिरहँदा त्यसलाई रोक्न सबै मुख्य दलका शीर्ष तहबाट आएको चौतर्फी दबाब मेरो स्मरणमा ताजै छ । त्यसैताका दक्षिण भारतबाट ल्याइने रक्तचन्दन झापा लगायत पूर्वी नाकाबाट छिराएर खासा हुँदै चीनतर्फ लैजाने अन्तरदेशीय तस्करी सञ्जाल पनि निकै फस्टाएको थियो । त्यसबारे ठूलै हल्लीखल्ली भए पनि छानबिन खासै भएन, तर समाचार नलेख्न उसै गरी अनधिकृत दबाब अनेक आए । हालको शरणार्थी प्रकरण यस्ता 'सर्वदलीय सहमति' को पछिल्लो संस्करण मात्र हो ।

यथार्थमा अहिले राजनीति, कर्मचारीतन्त्र, व्यापारी लगायत समाजको ठूलो हिस्सामा जे गरेर पनि पैसा कमाउँदा हुन्छ भन्ने बेलगाम दौड चलेजस्तो देखिन्छ । को व्यापारी-व्यवसायी हो, को बिचौलिया ? भेद खुल्न छाडेको छ । पछिल्लो समय त को नेता हो, को बिचौलिया भन्नेसमेत छुट्टिन छाडेको छ । एउटा मुख्य दलका दोस्रो तहका एक नेताले हालै रोचक विवरण सुनाए- खासमा ठूला भनिएका कतिपय नेताको आधा समय त आफूले अरूका नाममा स्वदेश-विदेशमा गरेका लगानी र लुकाएर राखेका धन-सम्पत्तिको हिसाबकिताब गर्नमै जान्छ रे ! अनि त्यस्ता कतिपयका घरै अवैध सम्पत्ति थुपार्ने अखाडामा परिणत भएका छन् रे, जहाँ राज्यको कुनै निकायले छापा मार्नेतर्फ सोच्न पनि सक्दैन, बरु उल्टो सुरक्षाकर्मीले नेताको सुरक्षाको नाममा त्यहाँ पहरा दिइरहेका हुन्छन् । उनीहरूले सार्वजनिक ओहोदामा बस्दाको सुरुआती दिनमा बुझाएको सम्पत्ति विवरण र अहिलेको वास्तविक सम्पत्ति तुलना गर्ने हो भने पनि यस्ता अवैध आर्जनको झल्को मिल्छ ।

राजनीतिक भ्रष्टाचारलाई भरथेग गर्ने, कानुनी छिद्रहरू खोजिदिने र उपाय सिकाउने सहयोगी भूमिकामा भ्रष्ट प्रशासकहरूको संलग्नता पनि कम छैन । अझ कतिपय कर्मचारी त आफैं अनियमितताका सूत्रधारका रूपमा समेत देखा परेका छन् । अब यो रोग राजनीति र प्रशासनमा मात्र सीमित रहेन, राज्यका अन्य अंगहरूमा पनि सरिसकेको छ । भ्रष्टाचार छानबिन गर्नुपर्ने अख्तियारजस्तो संवैधानिक अंग र त्यहाँबाट आएका मुद्दालाई अन्तिम किनारा लगाउने अख्तियारी पाएको अदालतमा समेत यस्तो प्रवृत्तिले प्रवेश पाएको छ । खास गरी अख्तियार र अदालतमा हुने नियुक्तिमाथि राजनीतिक दल र सरकारले जसरी नियन्त्रण कायम गरेका छन्, आफ्ना कार्यकर्ता र समर्थकलाई त्यहाँ 'सेट' गर्ने संवैधानिक र कानुनी प्रबन्धजसरी मिलाइएको छ, त्यतिले मात्र नपुगेर संसद्मा महाभियोग दर्ता गरिनासाथ उनीहरू निलम्बित हुने स्थायी तलबार जसरी झुन्ड्याइएको छ, त्यसले यी संस्थाहरूलाई भित्रभित्रै धमिराले खाएजस्तो अवस्थामा पुऱ्याएको छ ।

शक्तिमा पहुँच छ भने जति भ्रष्टाचार गरे पनि डराउनै नपर्ने प्रवृत्ति अचेल सामाजिक विशेषताझैं बन्न थाल्नु डरलाग्दो संकेत हो । दण्डहीनताको यो अवस्था यही रफ्तारमा बढ्दै गयो भने नेपाललाई कसैले 'फेल्ड स्टेट' भनिरहनै पर्दैन, हामी स्वत: त्यसतर्फ अग्रसर हुनेछौं । यद्यपि अझै सुन र सुधार्न सकिने ठाउँ छ । कसै-कसैले थोरै आँट गर्दा पनि केही हुन सक्ने अवस्था छ । केही गरौं भन्ने इमानदार नेता, प्रशासक र प्रहरीहरू अझै बाँकी छन् । ललिता निवास र शरणार्थी प्रकरणमा जेजति काम भएको छ, त्यो त्यही धिपधिप बलिरहेको सानो दियोको कारण हो । वर्तमान सरकारबाट अरू धेरै अपेक्षा त गर्न सकिन्न, यो अब आफैं संकटमा पर्न थालिसकेको छ । यसले कम्तीमा यिनै दुई भ्रष्टाचार काण्डको छानबिनलाई गहिराइमा पुऱ्याउन सक्यो भने हवात्तै बढ्ने आम समर्थन र त्यसबाट मिल्ने राजनीतिक लाभले सरकारको आयुसमेत लम्बिनेछ । त्यति पनि गर्न नसक्दा त जाने बाटो उही विफलताको स्वप्रस्थानतर्फै हो ।

*(साभार: ई-कान्तिपुर)*

# 'फेवातालको पानीमुनि समेत लालपुर्जा छ'

✍ विश्वप्रकाश लामिछाने

२०६९ सालमा तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई एउटा महोत्सवको सिलसिलामा पोखरा पुग्नुभएको थियो । उहाँलाई हामीले भन्यौं, 'तपाईं फेवातालको किनारमा हुन लागेको कार्यक्रममा हुनुहुन्छ, फेवाताल रोइरहेको छ, यसलाई जोगाइदिनुपर्यो ।' उहाँले कार्यक्रममा नै संरक्षणमा पहल गर्छु भनेर जानुभयो ।

काठमाडौं पुग्नासाथ मेरै नेतृत्वमा ५ सदस्यीय समिति गठन भयो । 'फेवातालको अतिक्रमित जग्गा छानबिन समिति' मा नापी, मालपोत लगायत निकायका प्रतिनिधिहरू थिए । हामीले तीन महिना लगाएर छानबिन गरेका थियौं, प्राविधिक टोलीले अत्यन्तै मिहिनेत गरेर प्रतिवेदन तयार गरेको थियो ।

हामीले प्रतिवेदन बुझाएपछि प्रधानमन्त्री भट्टराईले 'म यसलाई कार्यान्वयन गर्छु' पनि भन्नुभयो । पछि कार्यान्वयनका लागि प्रक्रिया अघि पनि बढ्यो । संविधानसभा असफल हुन लागेको बेला थियो, राजनीतिक अन्योल बढ्दो थियो, संविधानसभा नै विघटन भयो । प्रधानमन्त्री पनि फेरिनुभयो । यी सबै कारणले प्रतिवेदन कार्यान्वयन हुन पाएन ।

प्रतिवेदन बुझाएको ५/६ महिनापछि फेवाताल संरक्षणकै विषयमा अख्तियारमा एउटा उजुरी परेको थियो । अख्तियारको टोली नै स्थलगत अध्ययनका लागि पोखरा आएको थियो । टोलीले हाम्रो प्रतिवेदन हेरेपछि त्यसैलाई कार्यान्वयन गरे हुने भनी सिफारिस गर्यो ।

फेवाताल संरक्षणको विषयमा सर्वोच्च अदालतमा मुद्दा परेको थियो, त्यसक्रममा पनि हाम्रो प्रतिवेदन सर्वोच्च अदालतमा मगाइयो र हेरियो । सर्वोच्च अदालतले 'लामिछाने प्रतिवेदन कार्यान्वयन गर्नू' भनी आदेश पनि दियो । त्यतिबेला महालेखा परीक्षकको कार्यालयले पनि 'सामाजिक लेखापरीक्षण' का क्रममा फेवाताल अतिक्रमणबारे अध्ययन गरेको थियो र उसले पनि हाम्रो प्रतिवेदनलाई आधार मानेको थियो ।

**प्रतिवेदनमा के छ ?**

फेवाताल संरक्षणबारे हामीले गरेको अध्ययन न पहिलो हो, न अन्तिम नै । फेवाताल संरक्षणका बारेमा विभिन्न अध्ययन भएका छन् । विश्व संरक्षण संघ (आईयूसीएन), जापानी सहयोग नियोग (जाइका) ले अध्ययन गरेर प्रतिवेदनहरू दिएका छन् । यी बाहेक अरू धेरै अध्ययन भएका छन् ।

हामीले प्रतिवेदन बनाउनुअघि केही आधार बनाएका थियौं, सुरुमा पुराना प्रतिवेदनहरू हेर्यौं । फेवाताल वरपरको जग्गाबारे पुराना नापी, नक्साहरू पनि हेरेका थियौं । २०२८ सालमा फेवातालको बिरुवा फाँटमा सिंचाइ गर्ने भनेर नहर बनेको थियो । नहरका लागि फेवातालमा बाँध (जुन अहिले ड्यामसाइटका नामले प्रसिद्ध छ) बनाउनुपर्ने भयो । त्यसक्रममा सर्भे अफ इण्डियाले गरेको सर्भेमा फेवातालको क्षेत्रफल १०.३५ वर्गकिलोमिटर उल्लेख छ ।

फिनल्याण्ड सरकारको सहयोगमा भएको एउटा अध्ययनले एक लाख ४० मेट्रिक टन ढुंगा, गिटी र बालुवाको लेदो हर्पन र अँधेरी खोलाबाट प्रत्येक वर्ष फेवातालमा आएर थुप्रिन्छ र ठूलो मैदान बनेको औंल्याएको थियो । उसले फेवातालमाथिको प्राकृतिक अतिक्रमण नरोक्ने हो भने ताल साँघुरिँदै जाने चेतावनी दिँदै वरपरका खोला खहरेबाट तालमा जाने ढुंगा, माटो र लेदो रोक्न पहल गर्नुपर्ने सुझाव दिएको थियो ।

फेवाताल अतिक्रमणबारे अध्ययनका क्रममा हामीले १९९० सालमा वरपरका जग्गाहरूको तिरो तिरेको कागज लगायत अभिलेख हेरेका थियौं । ताल वरपरकै केही जग्गामा त्यतिबेला मुखिया जिम्मुवालहरूले तिरो बुझेका कागजात भेटियो । त्यसलाई परीक्षण गर्न ८५/९० वर्षका बुढापाकाहरूको पनि कुरा सुन्यौं ।

फेवातालमा २०१८ सालमा बनेको बाँध २०३१ सालमा फुटेको थियो । त्यतिबेला फेवातालको आधा जति पानी बगेर गएको थियो । पानी बगेपछिको दलदल भूभाग (जसलाई हामी धाप भन्छौं) विस्तार हुने नै भयो । ठीक त्यतिबेला २०३४ सालमा त्यो भूभागको नापी भएको रहेछ । सीमाविद् बुद्धिनारायण श्रेष्ठ नापीको टोलीमा हुनुहुँदोरहेछ ।

त्यतिबेलासम्म जग्गा जमिनको नापी भए पनि तालको सिमांकन गर्ने चलन थिएन । आृनो टोलीले फेवातालको नापी गर्दा चानचुन २० हजार रोपनी जग्गा एकमुष्ट बनाएर अभिलेख राखेर छाडिदिएको उहाँले बताउनुहुन्थ्यो । उहाँले पछि 'मैले बनाएका कित्तामा लामा-लामा धर्का कोरेर ५/७ मिटरका टुक्रा बनाएर व्यक्तिविशेषले जग्गा दर्ता गरेको दु:खेसो गर्नुहुन्थ्यो । उहाँले सर्वोच्च अदालतमा विज्ञको रूपमा आृनो भनाइ राख्ने क्रममा यो कुरा बताउनुभएको थियो ।

२०३१ सालमा भत्किएको बाँध फेरि बनाउन थालियो । २०३८ सालदेखि २०४२ सालसम्म बाँध पुनर्निर्माण भयो । बाँध भत्केर घटेको तालको पानी फेरि पुरानै सतहमा आयो र वरपर पनि विस्तार भयो ।

अब पानी नभएको बेलामा मौका छोपेर व्यक्तिको नाममा दर्ता भएका जग्गामा पानी भरियो । २०४२ सालमा बाँध बनेपछि नै 'फेवातालमा पानीमुनि पनि व्यक्तिको जग्गा छ' भन्ने चर्चित भनाइ व्यंग्यको रूपमा आएको हो । अहिले पनि पानीमुनि व्यक्तिको जग्गा र लालपुर्जा यथावत् छ । तालको पूर्वमा ड्यामसाइड, उत्तरमा खपौदी-चंखपुर बीचको दम्किलो, दक्षिणमा चिसापानी रानीवन फेवातालको चारकिल्ला हो । फेवातालमा पानीले ढाकेको भाग ९ हजार ९९५ रोपनी, ६ आना २ दाम ३ पैसाको क्षेत्रफल छ ।

त्यसमा ६५२ रोपनी १२ आना जग्गा सिमसार क्षेत्रमा पर्छ भने २ हजार १०१ रोपनी १ पैसामा खेती गरिएको छ । फेवातालमा १६५ रोपनी पर्ती जग्गा समेत जोडी कुल १२ हजार ८७४ रोपनी २ आना ३ पैसा जग्गा छ ।

१ हजार ६९२ रोपनी जग्गा अतिक्रमण भएको फेला परेको थियो । हामीले प्रतिवेदनमा स्पष्ट रूपमा फेवातालमा तीनथरी जग्गा रहेछ भनेर लेखेका छौं । एक, फेवातालमा जग्गा अतिक्रमण भएको देखियो र छानबिन गर्दा १ हजार ६९२ रोपनी जग्गा अतिक्रमण भएको भेटियो । त्यस्तो जग्गा अहिले पनि तालमै पर्छ । त्यस्ता जग्गामध्ये धेरैजसोमा पानी छ भने केहीमा दलदल मात्र । त्यो जग्गा स्पष्ट रूपमा तालको देखिन्छ ।

त्यो जग्गा अवैधानिक रूपमा व्यक्तिको नाममा गएको हो । हामीले हेर्दा फिल्डमा गएर जग्गा नाप्ने अवस्थै थिएन । पानी र दलदलमा कसरी गएर नाप्नु ? बुद्धिनारायण श्रेष्ठको टोलीले गरेको नापीको कागजातसँग भिडाएर अतिक्रमित भाग यो हो भनेर देखाइदिएका छौं । प्रतिवेदनमा त्यस्ता जग्गा व्यक्तिको नामबाट खारेज हुनुपर्छ भनेका छौं ।

*(साभार: अनलाइनखबर)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० साउन १ गते सोमबार १७ जुलाई २०२३ । औंसी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:२०, सूर्यास्त ६:५९ । सोमवारे औंसी । लूतो फाल्ने दिन । थारूहरूको गुरही-गुरिया पर्व । दर्शश्राद्ध । निशि बार्ने । कण्डकारक पूजा । दक्षिणायन प्रारम्भ । श्रावण संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तले कुरा काट्नेछन् | **तुला** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **वृष** | : आत्मविश्वास बढ्नेछ | **वृश्चिक** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **मिथुन** | : आफन्तको सहयोग मिल्नेछ | **धनु** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **कर्कट** | : मान, प्रतिष्ठा बढ्नेछ | **मकर** | : विवाद पर्न सक्नेछ |
| **सिंह** | : कार्यमा सफलता मिल्नेछ | **कुम्भ** | : दाम्पत्य सुख मिल्नेछ |
| **कन्या** | : सहमतिका कार्यहरु हुनेछन् | **मीन** | : रमाइलो यात्रा हुनेछ |

# चीनको विदेशसम्बन्धी कानुन बाहिर खुकुलो, भित्र कडा




काठमाडौं/चिनियाँ कम्युनिस्ट पार्टीले विदेश मामिला सम्बन्धी नयाँ कानुन लागु गरेको छ । अघिल्लो वर्षको डिसेम्बरमा त्यहाँको संसद राष्ट्रिय कंग्रेसमा प्रस्ताव गरी चौधौं महाधिवेशनको स्थायी समितिको तेस्रो बैठकबाट उक्त कानुन २८ जुनमा पारित भएको हो । चीनले यसलाई १ जुलाईबाट लागू गरेको छ ।

६ भागमा रहेको उक्त नीतिलाई चीनले बाह्य मुलुकका लागि खुकुलो बनाउँदै चीनको शक्ति आर्जनमा लक्षित गरेको छ ।

पूर्वराजदूत टंक कार्की चीनले आफ्नो विदेश नीतिलाई विशेष गरी तीन तहमा बर्गीकरण गरेको बताउँछन् । 'उसले बनाउने विदेश नीतिमा 'पहिलो विश्वका शक्ति राष्ट्रहरू लक्षित हुन्छ । दोस्रोमा उसको सिमाना जोडिएका १४ वटा छिमेकी मुलुक र तेस्रोमा अन्य विश्वका सबै देशहरूलाई हुने गरी नीति अख्तियार गरेको हुन्छ,' उनी भन्छन् ।

सामरिक र आर्थिक हिसाबले विश्वको उदीयमान शक्ति राष्ट्र चीन पछिल्लो समय एसिया क्षेत्रमा आफ्नो प्रभुत्व जमाउने र पश्चिमा शक्तिको बढ्दो चहलपहललाई रोक्नेमा केन्द्रित छ । हालै सार्वजनिक विदेश मामिला सम्बन्धी कानुनमा पनि उसले आफ्ना छिमेकी लगायत मुलुकका लागि खुकुलो हिसाबमा प्रस्तुत हुने र आफ्नो राष्ट्रिय हितको हकमा कडा ढंगले प्रस्तुत भएको देखिन्छ ।

लागू भइसकेको कानुनको दफा ४ मा उल्लेख गरिएको छ, 'जनवादी गणतन्त्र चीनले शान्तिको स्वतन्त्र विदेश नीतिको पालना गर्दछ । सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको लागि पारस्परिक सम्मान, आपसी गैरआक्रामकता, आन्तरिक मामिलामा आपसी गैरहस्तक्षेप, समानता र पारस्परिक हित तथा शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तहरूको पालना गर्दछ ।'

त्यस्तै पश्चिमा समुदायले उठाउने गरेको विकासको पथलाई पनि चीनले नयाँ ढंगले प्रस्तुत गरेको छ । विशेष गरी दक्षिण एसियाली क्षेत्रलाई 'तेस्रो विश्वका मुलुक'का रूपमा परिभाषित गर्दै हस्तक्षेपकारी तीव्र विकासको विषयमा जोड दिइरहेका हुन्छन् ।

चीनले भने त्यसलाई हस्तक्षेप भन्दा पनि शान्तिपूर्ण विकासको मार्गबाट अघि बढाउन सघाउने भनेको छ ।

'शान्तिपूर्ण विकासको मार्गमा अडिग रहेको छ । खुलापनको आधारभूत राष्ट्रिय नीतिको पालना गरेको छ । पारस्परिक रूपमा लाभदायक र जीत-जीतको उद्घाटन रणनीति अपनाएको छ,' विदेशसम्बन्धी कानुनमा भनिएको छ, 'चीन संयुक्त राष्ट्र संघको बडापत्रको उद्देश्य र सिद्धान्तहरूको पालना गर्छ । विश्व शान्ति र सुरक्षा कायम गर्छ, विश्वव्यापी साझा विकासलाई बढावा दिन्छ र नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्धको स्थापनालाई बढावा दिन्छ ।'

साथै, अन्तर्राष्ट्रिय विवादहरूको शान्तिपूर्ण समाधानको वकालत गर्ने भनेको छ भने अन्तर्राष्ट्रिय सम्बन्धमा बल प्रयोग वा त्यसबाट उत्पन्न हुने खतराको विरोध गर्ने दावी गरेको छ ।

'प्रभुत्व र शक्ति राजनीतिको विरोध, आकार, बल र धनको परवाह नगरी सबै देशको समानताको पालना गर्नका साथै सबै देशका जनताले स्वतन्त्र रूपमा रोजेको विकास मार्ग र सामाजिक प्रणालीलाई सम्मान गर्दछ,' चीनले भनेको छ ।

पूर्व राजदूत तथा परराष्ट्र मामलाका जानकार दिनेश भट्टराई चीनले खुला विश्वलाई स्वागत गर्दै आफूलाई कसरी शक्तिशाली बनाउने भन्नेमा केन्द्रित भएको देखिएकाले राम्रा कुराको स्वागत र नबुझेका विषयमा अध्ययन गरेर चीनसँग कसरी सम्बन्ध कायम राख्ने भनेर नेपालले पनि पोजिसन क्लियर गर्नुपर्ने बताउँछन् ।

'चीन विदेशसम्बन्धी कानुनबाट वैदेशिक व्यापार, लगानीको प्रर्वद्धन र विकास गर्ने कुरा गरेको छ । तर आफूलाई केन्द्रमा राख्ने प्रवृत्ति हुँदाहुँदै एक पक्षीयता र संरक्षणवादको विरोध गर्ने कुरा गरेको छ,' भट्टराई भन्छन्, 'यो हाम्रा लागि पनि स्वागतयोग्य कुरा हो । साथै, यसले खुला अन्तर्राष्ट्रिय पद्धतिलाई सहयोग गर्ने कुरा राखेको छ, तर त्यहाँ लागू गर्ने भनेको छैन । यसमा हामीले सोच्नुपर्छ ।'

कानुनको दफा २६ मा चीनले उल्लेख गरेको छ, 'चीनले बाह्य विश्वका लागि उच्च स्तरको खुलापन, वैदेशिक व्यापारको विकास, विदेशी लगानीलाई सक्रिय रूपमा प्रवर्द्धन र कानुनी रूपमा संरक्षण, विदेशी लगानी र अन्य विदेशी आर्थिक सहयोगलाई प्रोत्साहन, संयुक्त निर्माणको उच्च गुणस्तरीय विकासलाई प्रवर्द्धनमा जोड दिएको छ । साथै, 'बेल्ट एण्ड रोड' र बहुपक्षीय व्यापार प्रणालीलाई कायम राख्ने, एकपक्षीयता र संरक्षणवादको विरोध गर्ने तथा खुला विश्व अर्थतन्त्रको निर्माणलाई प्रवर्द्धन गरिनेछ ।'

**कानुनमा अरू के छ ?**

कानुनमा विभिन्न मुलुकमा रहेका कूटनीतिक नियोगहरूलाई परराष्ट्र मन्त्रालय मातहतमा राख्ने भनेको भए पनि पार्टीको नियन्त्रणलाई नै सर्वोपरी बनाइएको छ । 'जनवादी गणतन्त्र चीनको विदेश मामिलाले चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीकृत र एकीकृत नेतृत्वलाई पालना गर्छ', कानुनको दफा ५ मा उल्लेख छ ।

साथै, जनवादी गणतन्त्र चीनले ग्लोबल डेभलपमेन्ट इनिसियटिभ (जीडीआई), ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जीएसआई), र ग्लोबल सिभिलाइजेसन इनिसिएटिभ (जीसीआई) को कार्यान्वयनका लागि चौतर्फी, बहु-स्तर, फराकिलो, र त्रि-आयामिक हिसाकले अघि बढाउने बताएको छ । परराष्ट्र विज्ञ भट्टराई बहुपक्षिय, द्विपक्षीय, क्षेत्रीय हुँदै विश्वव्यापी तहसम्म इनिसिएटिभ लागू गर्ने लक्ष्य राखेको बताउँछन् । उनी चीन आफ्नो लक्ष्य हासिलका लागि आक्रामक हुनसक्ने समेत विश्लेषण गर्छन् ।

यस्तै चीनले प्रमुख शक्ति राष्ट्रहरूबीच समन्वय र सकारात्मक अन्तर्क्रियालाई प्रवर्द्धन गर्ने, छिमेकी राष्ट्रहरूसँग मैत्री, इमानदारी, पारस्परिक लाभ र समावेशीताको अवधारणाअनुसार सम्बन्ध विकास गर्ने र छिमेकीहरूसँग मित्रता र साझेदारीको सिद्धान्तमा आधारित छिमेकी राष्ट्रहरूसँग सम्बन्ध विकास गर्ने उल्लेख गरेको छ ।

'सद्भाव, इमान्दारिता, धार्मिकता र हितको सही अवधारणालाई समर्थन गर्दै विकासशील देशहरूसँग एकता र सहकार्य गर्दछ । बहुपक्षीयता कायम र अभ्यासह तथा विश्वव्यापी शासन प्रणालीको सुधार र निर्माणमा भाग लिने,' उक्त कानुनमा भनिएको छ । यस्तै विश्वका सबै देशहरूसँग कूटनीतिक सम्बन्ध स्थापना र विकास गर्नका लागि चीनले शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तका आधारमा एक चीन सिद्धान्तलाई स्वीकार गर्नुपर्ने सर्त राखेको छ ।

साथै, जनवादी गणतन्त्र चीनले कानुन बमोजिम चीनमा रहेका विदेशी र विदेशी संस्थाहरूको कानुनी अधिकार र हितको समेत रक्षा गर्ने भनेको छ । विदेशीको प्रवेश, बसोबास र बसोबासलाई अनुमति दिने वा अस्वीकार गर्ने र आफ्नो क्षेत्रभित्र विदेशी संस्थाको गतिविधिलाई कानुन बमोजिम व्यवस्थापन गर्ने अधिकार आफूमा रहेको जनाएको छ ।

'चीनमा रहेका विदेशी र विदेशी संस्थाहरूले चिनियाँ कानुनको पालना गर्नेछन् । चीनको राष्ट्रिय सुरक्षालाई खतरामा पार्ने, सार्वजनिक हितलाई हानि गर्ने वा सार्वजनिक व्यवस्थामा बाधा पुऱ्याउने छैन,' कानुनमा उल्लेख छ ।

पूर्वराजदूत भट्टराई चीनले आफ्नो विदेशसम्बन्धी कानुनमा राखेका केही कुरा स्वागतयोग्य र केही कुरामा नेपालले गम्भीरतापूर्वक अध्ययन गरेर आफ्नो पोजिसन बनाइराख्नुपर्ने आवश्यकता औंल्याउँछन् । 'उसले आफ्ना हरेक नियम र कानुनलाई दीर्घकालसम्म हुने गरी बनाएको हुन्छ । विदेश सम्बन्धी कानुन पनि बनाएको छ । त्यसमा कसरी सहकार्य गर्ने भन्नेमा हामीले नै ध्यान दिनुपर्छ', उनी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'बगान' हेर्दा भावविह्वल भए एकल महिला



काठमाडौं/शुक्रबारबाट प्रदर्शित अभिनेता सरोज खनालद्वारा निर्देशित पहिलो फिल्म 'बगान'को ओपनिङ आक्रामक नभए पनि निराशाजनक पनि छैन । पहिलो दिन फिल्मले दर्शकको सुखद साथ पायो । विशेषगरि परिवारिक दर्शक फिल्म हेर्न हल पुगेका छन् । निर्माण टिमले एकल महिलालाई नि:शुल्क फिल्म हेर्ने व्यवस्था मिलाएको छ । हलमा एकल महिलाहरु आफ्ना सन्तानसहित पुगेका छन् ।


शुक्रबार दर्शक प्रतिक्रिया बुझ्न निर्देशक सरोज खनाल, अभिनेत्री करिश्मा मानन्धर र अभिनेत्री प्रमिला कार्कीले राजधानीका विभिन्न हल चहारेका थिए । फिल्म हेर्दा भावविह्वल भएका दर्शकले सामुन्नेमा पर्दाका कलाकार देख्दा आफूलाई सम्हाल्न सकेका थिएनन् । केही एकल महिलाहरुले करिश्मालाई अंगालो हालेर रोएको दृश्य मर्मस्पर्शी देखिन्थो । करिश्माले भने ढाडस दिइरहेको थिइन् ।

एकल आमाहरूले आफ्नै कथामा फिल्म बनाएकोमा सरोज खनाललाई धन्यवाद व्यक्त गरे । फिल्म हेरेर भावविह्वल भएका पुरुष दर्शकले पनि समाज रुपान्तरणका लागि फिल्मले ठूलो भूमिका खेल्ने प्रतिक्रिया जनाए । फिल्म हेर्न हल पुगेका एकल आमाहरुको भनाई सुन्दा आफूहरुले देखाउन खोजेको कुरामा केही हदसम्म सफल भएको भन्दै निर्देशक खनालले खुसी व्यक्त गरेका छन् ।

'बगान'मा आकाश श्रेष्ठ, नीर शाह, बसुन्धरा भुषाल र मिथिला शर्मा लगायतको पनि अभिनय रहेको छ ।

स्वप्निल नीरवले लेखेको पुस्तकको एउटा कथामा आधारित भएर बनेको फिल्मको निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्मातामा विनोद मानन्धर रहेका छन् । यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन तथा सन्देश शाहको सम्पादन रहेको छ ।

# मीना कुमारीको बायोपिकबाट निर्देशक बन्दै मनिष मल्होत्रा



एजेन्सी, मुम्बई/फेसन डिजाइनमा सफल करिअरपछि मनिष मल्होत्राले अब फिल्म निर्देशन गर्ने भएका छन् । ५०/६० को दशककी नामी बलिउड अभिनेत्री मीना कुमारीको जीवनीमा आधारित भएर निर्माण हुन लागेको फिल्मलाई उनले निर्देशन गर्न लागेका हुन् । अभिनेत्री कृति सेसनले मीना कुमारीको भूमिकामा अभिनय गर्ने इन्डिया टाइम्समा उल्लेख छ । हाल फिल्मको स्क्रिप्ट लेखनको काम भैरहेको छ ।

आफ्नो करिअरमा ९० बढी बलिउड फिल्ममा काम गरेकी मीना कुमारको ३८ वर्षको उमेरमा नै लिभर सिरोसिस (कलेजोमा जालो पलाउनु)का कारण निधन भएको थियो । खासगरि दुखान्त फिल्ममा उनको यादगार भूमिकाहरूको लागि याद गर्ने गरिन्छ । सन् १९५२ मा प्रदर्शित फिल्म 'बैजू बावरा'बाट उनी लोकप्रिय भएकी थिइन् । उनको बायोपिक फिल्मलाई टी सिरिजले निर्माण गर्नेछ ।

करिब तीन दशकदेखि फेसन र फिल्मको दुनियाँमा मनिष गहिराइसँग जोडिएका छन् । उनले हजार बढी भारतीय फिल्मका लागि डिजाइन तयार गरिसकेका छन् भने कयौं पुरस्कार जितेका छन् । उनी भारतका सबैभन्दा महंगा फेसन डिजाइनर समेत हुन् । फिल्म 'स्वर्ग'बाट कस्ट्यूम डिजाइनको करिअर सुरु गरेका मनिषले माइकल ज्याक्सनका लागि पनि पहिरन डिजाइन गरेका थिए ।

# भ्याटले आन्तरिक हवाई भाडा ६ प्रतिशतसम्म बढ्दै



काठमाडौं/सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ बाट हवाई टिकटमा लगाएको मूल्य अभिवृद्धि कर (भ्याट) कार्यान्वयनमा आउँदा आन्तरिक उडानतर्फ ६ प्रतिशतसम्म हवाई भाडा बढ्ने भएको छ ।

वायुसेवा कम्पनीहरुका अनुसार सोही अनुसार वायुसेवा सञ्चालक संघमा आबद्ध सबै कम्पनीहरु भ्याटमा दर्ता भइ टिकटमा लाग्ने भ्याट कार्यान्वयन गर्ने तयारीमा जुटेका छन् । मूल्य अभिवृद्धि कर लाग्ने भएकाको हकमा घोषणा भएको ३० दिनभित्र भ्याटमा दर्ता भइसक्नु पर्छ ।

नेपालमा वस्तु तथा सेवामा १३ प्रतिशत भ्याट लाग्छ । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार हवाई टिकटमा भ्याट कार्यान्वयन गर्दा हवाई टिकट ६ प्रतिशत हाराहारी मात्र बढ्नेछ ।

हवाई इन्धन, कार्यालय सञ्चालनका सामग्री तथा उपकरण खरिदमा तिरेको भ्याट कम्पनीहरुले फिर्ता दाबी गर्न पाउने भएकाले जति प्रतिशत कर लाग्ने हो, मूल्य त्यति नै बढ्दैन । नयाँ प्रावधान अनुसार भाडादरसहित जहाज, इन्जिन र पार्टपूर्जाको आयातमा १३ प्रतिशत भ्याट जोडिन्छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले हरेक यात्रुबाट विमानस्थल विकास शुल्कका नाममा ५०० रुपैयाँ लिन्छ । वायुसेवा कम्पनीको हवाई भाडामा मात्र भ्याट जोडिंदा ६ प्रतिशतसम्म भाडा बढ्ने अनुमान गरिएको हो ।

यसअघि हवाई टिकटमा भ्याट लाग्दैनथ्यो । सोहीकारण कम्पनीहरु भ्याटमा दर्ता समेत हुनु अनिवार्य थिएन । अब भने सबै कम्पनी भ्याटमा दर्ता भइ कारोबार गर्नुपर्ने भएको छ ।

**अन्तर्राष्ट्रियमा भने अन्यौल**

उता, अन्तर्राष्ट्रियतर्फ भने अझै अन्यौल कायम छ । सो सम्बन्धमा सरोकारवालासहित अर्थ मन्त्रालयले पछिल्ला दिनमा हरेक दिनजसो छलफल चलाए पनि कुनै निष्कर्ष भने निस्कएको छैन ।

सरकारले नेपालमा हवाई टिकटमा भ्याट लगाउँदा विदेशी एजेण्टबाट टिकट बुकिङ बढ्न सक्ने र यसले नेपालको बिजनेश खुम्चिदा सरकार र व्यवसायी दुवैलाई घाटा पुग्ने चेतावनी व्यवसायीले दिएका छन् । मन्त्रालयका एक उच्च अधिकारीका अनुसार वस्तुमा भ्याट लगाउने सन्दर्भमा समस्या नभएपनि हवाई टिकट सेवा क्षेत्रअन्तर्गत पर्ने र यसको कार्यान्वयनमा केही प्राविधिक समस्या समेत रहेका कारण सहजीकरण कसरी गर्ने भन्ने विषय नै अहिलेसम्म टुंग्याउन सकिएको छैन ।

अर्थ मन्त्रालयले व्यवसायी, प्राधिकरण र अन्य सरोकारवाला समेत सहभागी भएको एक कार्यदल बनाएर हवाई टिकटमा भ्याट कार्यान्वयन गर्नेबारे तयारी गरेको थियो । तर, यो विषय अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन तथा अन्य अन्तर्राष्ट्रिय नियमनकारी निकायको समेत सरोकारको विषय भएकाले तत्काल कार्यान्वयनमा अन्यौल देखिएको हो ।

आन्तरिक राजस्व विभागका निर्देशक राजुराज प्याकुरेलले १ साउनबाट हवाई टिकटमा भ्याट लाग्ने कानुनी प्रावधान भए पनि कार्यान्वयनको अन्योल नहटेको बताए ।

'एक त यो नयाँ विषय भयो, अर्कोतर्फ यसमा अन्तर्राष्ट्रिय चासो र प्राविधिक इस्यु पनि जोडिने भए, त्यसकारण कसरी सहजीकरण गर्ने भन्नेबारे छलफल जारी नै छ,' उनले भने ।

# एमालेको बहिष्कारका बीच सुदूरपश्चिमको बजेट पारित

धनगढी/प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको बहिष्कारका बीच सुदूरपश्चिम प्रदेश सरकारको बजेट बहुमतले पारित भएको छ । शनिबार राति १० बजे बसेको प्रदेशसभाको बैठकले प्रदेश सरकारले ल्याएको आर्थिक वर्ष २०८०/८१ को बजेटसँग सम्बन्धित विधेयकहरु बहुमतले पारित गरेको हो ।

प्रदेशसभा बैठकले आर्थिक वर्ष २०८०/८१ का लागि सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, राजस्व र व्ययको अनुमान र आर्थिक ऐन २०८० बहुमतले पारित गरेको हो । सत्तारुढ दलहरुले यथास्थितिमा बजेट पारित गर्न नमानेकाले ती विधेयकहरु संशोधनपछि पारित गरिएका हुन् ।

नेकपा एमालेले भने तोकिएको समयमा बैठक सुरु नगरेको र कार्यसूचीमा नै नभएको बजेट पारित गर्ने विषय प्रवेश गराएको भन्दै बहिष्कार गरेको थियो । 'कार्यव्यवस्था परामर्श समितिमा ३ बजे बैठक बस्ने सहमति भएको थियो, हामीले डेढ घण्टा भन्दा बढी कुर्‍यौं, तर सरकारले सदन चलाएन, अहिले कार्यसूचीमै नभएको बजेट पारित गर्ने विषय जबर्जस्ती लाद्न खोजिएको छ' उनले भने, 'त्यसैले हामी आजको बैठक बहिष्कार गर्छौं ।'

राप्रपा सांसद खेमादेवी विष्टले पहिले बहिष्कार गर्ने घोषणा गरे पनि पछि सहभागी भएकी थिइन् ।

*(स्रोत: अनलाइनखबर)*

# सोमबारदेखि बढी पानी पर्ने सम्भावना

काठमाडौं/हाल देशमा मानसुनी वायुको प्रभाव रहनुका साथै मनसुनको न्यून चापीय रेखा सरदर स्थानको आसपास अवस्थित रहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

जसका कारण हाल देशभर आंशिकदेखि सामान्य बदली रही, कोशी, बागमती र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा हल्का वर्षा भइरहेको महाशाखाले उल्लेख गरेको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार तुलनात्मकरूपमा आगामी सोमबार र मंगलबार बढी मनसुनी वर्षा हुनेछ । पछिल्ला दिनमा निरन्तर वर्षा भइरहे पनि शनिबारदेखि केही मात्रामा कम वर्षा भएको छ । शनिबार राति पनि भारी वर्षाको सम्भावना छैन ।

'मनसुन आज र भोलिलाई सामान्य छ । शनिबार र आइतबारको तुलनामासोमबार र मंगलबार बढी वर्षा हुने सम्भावना छ । भोलि दिउँसोका लागि विगतको तुलनामा कमै वर्षा हुने अनुमान गरिएको छ', उनले भने । मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा तल रहँदा नेपालमा कम वर्षा हुने सम्भावना रहेको मौसमविद् अधिकारीले बताए ।

संघीय राजधानी काठमाडौंमा शनिबार राति हल्का वर्षाको सम्भावना छ भने आइतबार दिउँसो मध्यम वर्षाको अनुमान गरिएको छ । यसैबीच महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा शनिबार राति देशभर आंशिकदेखि सामान्य बदली रही सबै प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

